# “एनआईबिएल प्रगती फण्ड” को स्वामित्वमा रहेको शेयरहरु लिलाम बढाबढको माध्यमबाट बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०८१/०१/२०**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१/०१/२४**

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड कोष प्रवर्द्धक रहेको तथा यस कम्पनी योजना व्यवस्थापक रही एनआईबिएल म्युचअल फण्ड अन्तर्गत संचालनमा रहेको एनआईबिएल प्रगती फण्ड यही मिति २०८०/०९/२६ गते परिपक्व भएको र सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था तथा नेपाल धितोपत्र बोर्डबाट मिति २०८०/११/०६ मा प्राप्त निर्देशन बमोजिम योजना खारेजीमा लैजाने क्रममा सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ को उपनियम (३) को व्यवस्था बमोजिम योजनाको नाममा रहेको लगानीलाई तीन महिना भित्र नगदमा परिणत गरी ईकाइधनीहरुलाई उनीहरुको स्वामित्वको अनुपातमा फिर्ता भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको जानकारी गराउँदछौं । सोही सन्दर्भमा तपसिलमा उल्लेखित भएका सूचीकरण हुन बाँकी बोनश तथा हकप्रद शेयरहरुलाई बोलकबोल प्रकृयाबाट बिक्री गरी सूचीकरण तथा कारोबार योग्य भए पश्चात् खरिदकर्ताको नाममा धितोपत्र बजारको नियमानुसार कारोवार तथा नामसारी गर्ने शर्तमा बिक्री गर्ने योजना खारेजी समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न योग्य रहेका इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र प्रति कित्ता के कति दर भाउमा लिन कबुल गर्ने हो उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न सम्बन्धित सबैमा आव्हान गरिन्छ ।

**तपसिल**

| क्र.स. | कम्पनीको नाम | अधिकतम कित्ता | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|
| १ | समता लघुवित्त वित्तीय संस्था लिमिटेड | ३६८ | १००/- | सूचीकृत हुन बाँकी हकप्रद शेयर । |
| २ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १,९३४ | १००/- | सूचीकृत हुन बाँकी बोनश शेयर । |
| ३ | नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड* | २०,११८ | १००/- | मर्जरको कारण रोक्का रहेको । |

*मर्जर तथा प्राप्ति (Merger & Acquisition) बाट कायम स्वाप रेसियो (Swap Ratio) अनुरुप गणना गरिने ।

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम बिक्री प्रबन्धक तथा योजना व्यवस्थापक एनआइएमबि एस क्यापिटल लिमिटेड, उत्तरढोका, लाजिम्पाट, काठमाडौंबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र आवेदन फाराम साथ संलग्न तालिकामा आफूले लिन चाहेको कम्पनीको शेयर कित्ता संख्या, प्रति कित्ता दर/रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै नै केरमेट भई कबुल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन । आफूले कबोल गरेको प्रति शेयरको दर पूर्ण अंकमा हुनुपर्नेछ । दशमलब पछिको अंकलाई मान्यता दिईने छैन । प्रत्येक आवेदन फाराममा आफुले कबोल गरेको दर (पूर्ण अंक) ले खरिद गर्न चाहेको शेयरको संख्यालाई गुणन गर्दा हुन आउने रकम भन्दा कम रकम जम्मा गरेमा वा चेक पेश गरेमा सो आवेदन फाराम बाँडफाँडमा समावेश गरिने छैन ।

३. लिलामीमा राखिएका कम्पनीका शेयरहरु सबै वा आंशिक खरिदका लागि एउटै फारामबाट आवेदन दिने व्यवस्था गरिएको हुँदा कुनै पनि आवेदकले एक मात्र आवेदन फाराम मार्फत आवेदन दिनुपर्नेछ तर उक्त शेयरहरु एक भन्दा बढी मूल्यमा आवेदन पेश गर्दा फरक आवेदन फाराम मार्फत आवेदन दिनुपर्नेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नम्बर तथा आफ्नो हितग्राही खाता नम्बर (Demat Account Number) लगायत बोलपत्र फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ । शिलबन्दी खाम बाहिर “**एनआईबिएल प्रगति फण्डको नाममा रहेको शेयर खरीदका लागि आवेदन**” उल्लेख भएको हुनु पर्नेछ । बोलपत्र आवेदन खाममा लाहाछाप गरी शिलबन्दी गरिएको हुनुपर्नेछ । साथै, आवेदन खाम बाहिर आवेदकको नाम, ठेगाना र हितग्राही खाता नम्बर र फोन नं. अनिवार्य उल्लेख गरिएको हुनु पर्नेछ ।

५. शेयर खरिदका लागि १० अंकले अंकले भाग जाने संख्यामा आवेदन दिन सकिनेछ । सो नभएमा आवेदन फाराम स्वतः रद्द हुनेछ । प्रत्येक शेयरको तपसिलमा उल्लेखित कित्ता संख्या भन्दा बढी कित्ता संख्या उल्लेख गरि आवेदन पेश गरेमा उक्त आवेदन स्वतः रद्द हुनेछ । बोलपत्र पेश गर्दा नेपाल राष्ट्र बैंकले तोकेको प्रति व्यक्ति सिमाको अधिनमा रहने गरी अधिकतम सम्पूर्ण कित्ताका लागि आवेदन दिन सकिनेछ । रु. १० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. १० लाखभन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नम्बर आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ । प्रति शेयरको न्यूनतम मूल्य माथि तपसिलमा तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गनुपर्नेछ ।

६. लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरुपको सूचि बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सकिनेछ ।

७. बोलपत्र आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा (English मा BOID संग हुबहु मिल्ने गरी) पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफूले खरिद गर्न चाहेको शेयरको जम्मा मूल्यको हुन आउने सम्पूर्ण रकम मिति २०८१/०१/२४ गतेसम्म तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा हुने गरी धरौटी वापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) संलग्न गर्नुपर्नेछ । IPS मार्फत धरौटी जम्मा गरेमा उक्त रसिदको फोटोकपी पनि संलग्न गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा आफूले खरिद गर्न कबोल गरेको शेयर वापतको सम्पूर्ण रकमका लागि एनआइएमबि एस क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good For Payment Cheque or Managers' Cheque संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिइने छैन । साथै, Good for payment गर्दा लाग्ने शुल्क आवेदक स्वयंले नै तिर्नुपर्नेछ तथा रु. २ लाख भन्दा बढी रकमको Good For Payment Cheque को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम बोलपत्र आवेदन फारामसँग अनिवार्य बुझाउनु पर्नेछ ।

| क्र.स. | बैंक | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं** | **NIBL Ace Capital-Auction** | **०३६०१०४०२६६१८५** |

८. आवेदनका साथ देहाएका कागजात संलग्न गर्नुपर्नेछ :
   क. आवेदक नेपाली नागरिक भएमा आवेदनकासाथ एक प्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण ।
   ख. आवेदक नेपालमा दर्ता भएको संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाण पत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र ।
   ग. रु. १० (दश) लाखभन्दा बढी रकमको आवेदन भएमा अनिवार्य रुपमा प्यान नम्बर सहित प्रमाणपत्रको प्रतिलिपि ।

९. बोलपत्र मिति २०८१/०१/२४ गते अपरान्ह ३.०० बजे भित्र एनआइएमबि एस क्यापिटल लिमिटेड, उत्तरढोका, लाजिम्पाट, काठमाडौंमा दर्ता भई सक्नुपर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयरको संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११. बोलपत्र मिति २०८१/०१/२५ गते बिहान ११:०० बजे बिक्री प्रबन्धकको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो दिन पछिको कार्यालय खुलेको दिन बिहानको ११:०० बजे खोलिनेछ ।

१२. प्राप्त बोलपत्रहरुको छानबिन गरी रितपूर्वक प्राप्त बोलपत्रहरु मध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बाँकी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुईभन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयर को आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिनेछ । यसरी शेयर बाँडफाँड गर्दा योजना खारेजी समितिको निर्णय नै अन्तिम हुनेछ ।

१३. यस बोलकबोल प्रक्रियाबाट बाँडफाँड पश्चात् शेयर नामसारी सम्बन्धी सम्पूर्ण कारवाही प्रचलित कानुन बमोजिम हुनेछ । शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनु पर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नुपर्नेछ । ब्रोकरेज शुल्क तथा अन्य दस्तुर हाललाई आवेदन फाराममा उल्लेख गरे बमोजिम अग्रिम रुपमा बुझाउनु पर्नेछ । माथि उल्लेखित कम्पनीहरु मध्ये केही कम्पनीको बोनस शेयर मर्जर तथा सूचिकरण प्रक्रियामा रहेका कारण प्राप्त हुन बाँकी रहेकाले उक्त शेयर प्राप्त भए पश्चात् मात्र कारोवार गरी बाँडफाँडमा पर्ने आवेदकको हितग्राही खातामा जम्मा गरिनेछ । उल्लेखित शेयरहरु तथा पछि जम्मा हुने शेयरहरु नामसारी गर्दा लाग्ने ब्रोकरेज/अन्य शुल्क दस्तुर तथा पछि नामसारीको प्रक्रियामा लाग्न सक्ने कुनै पनि प्रकारको कारोबार दस्तुर आदि हाल बुझाएको रकम भन्दा कम वा वेशी भएमा बाँडफाँडमा पर्ने आवेदकबाट थप लिईने वा निजलाई फिर्ता भुक्तानी दिईनेछ ।

१४. माथि उल्लेखित शेयरहरु सूचीकरण भै नसकेकाले उक्त कम्पनीका शेयरहरु सूचीकरण भए पश्चात् तथा अन्य कारणहरुले कारोबार स्थगित रहेका कम्पनीको शेयरहरु कारोबार खुल्ला भए पश्चात् मात्र नियमानुसार कारोबार गरी बाँडफाँडमा पर्ने आवेदकको हितग्राही खातामा जम्मा गरिनेछ ।

१५. यो सूचना प्रकाशित भए पश्चात् माथि उल्लेखित कुनैपनि कम्पनीले नगद लाभांश/बोनस शेयर घोषणा गरेको अवस्थामा उक्त लाभांश/बोनस शेयर बाँडफाँडमा पर्ने आवेदकले नै पाउने छन् ।

१६. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेका आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिएको समयावधि भित्रमा क्ष्एक मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१७. यस सूचना बमोजिम निष्काशन गरिएको शेयर लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरी बाँकी रहेको शेय पूनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

१९. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सोको अन्तिम निर्णय गर्ने अधिकार योजना खारेजी समितिमा निहित रहने छ ।

२०. आवेदक प्रचलित कानून बमोजिम कम्पनीको शेयर खरिद गर्न योग्य हुनु पर्नेछ । संगठित संस्था/कम्पनीको हकमा आफ्नो प्रबन्धपत्र नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था भए/नभएको यकिन गरेर मात्र आवेदन गर्नुपर्नेछ । साथै, शेयरको लागि गरेको लगानीको श्रोतको वैधानिकता आवेदक स्वयंले सावित गर्नुपर्नेछ र नियमन निकायबाट माग भई आएको खण्डमा उक्त लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर हुनुपर्नेछ ।

२१. प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार योजना खारेजी समितिमा रहनेछ ।

२२. यस सूचनामा उल्लिखित विषयमा कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र एनआइएमबि एस क्यापिटल लिमिटेडमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**योजना व्यवस्थापकः**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com